# माननीय अर्थमन्त्री र नेपालका लागि यू.ए.ई. का राजदूत बीच शिष्टाचार भेटघाट

**२०७८ भदौ ३०**

माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा 'प्रभाकर' र नेपालका लागि यू.ए.ई. का राजदूत महामहिम सईद हमदान अल्नाक्बी बीच आज अर्थ मन्त्रालयमा शिष्टाचार भेट भयो।

सो भेटमा मा. अर्थमन्त्रीले नेपाल र यू.ए.ई. बीच लामो समयदेखि सुमधुर सम्बन्ध रहेको कुरा औंल्याउँदै विशेषतः नेपाली युवाहरुलाई यू.ए.ई. ले प्रदान गरिरहेको रोजगारी प्रति धन्यवाद व्यक्त गर्नुभयो। सो अवसरमा मा. अर्थ मन्त्रीज्यूले युवाहरुको श्रम मार्फत थोरै मात्रामा भए पनि यू.ए.ई को विकासका लागि नेपालले योगदान पुर्‍याइरहेको र नेपाली युवाहरुको दोस्रो घर यू.ए.ई. भएको कुरा व्यक्त गर्नुभयो। आपसी छलफलकै क्रममा मा. अर्थ मन्त्रीज्यूले वैदेशिक लगानीका लागि नेपालमा उपयुक्त वातावरण भएको, केही लगानीलाई कर छुट लगायतका सुविधा प्रदान गरिएकोले हाईड्रो, पर्यटन, अर्गानिक कृषि लगायतका क्षेत्रमा लगानी गर्न र नेपालको पिछडिएको क्षेत्रको शिक्षाको विकासका लागि सहयोग गर्न आग्रह गर्नुभयो। सोही अवसरमा यू.ए.ई. ले प्रस्ताव गरेको दोहोरो कर मुक्ति सम्झौताका विषयमा थप छलफल गरी उपयुक्त निर्णयमा पुगिने, नेपाली युवाहरुलाई आवश्यकता अनुसारको तालीम पश्चात दक्ष बनाई यू.ए.ई. मा पठाइने, विस्तृत छलफल पश्चात नेपाल र यू.ए.ई. बीच हुन सक्ने आपसी आर्थिक सम्बन्ध र संम्भाव्य योजनाहरुको बारेमा निक्यौंल गरिने कुरा बताउनुभयो।

सोही भेटघाटको क्रममा महामहिम राजदूतले मा.मन्त्रीज्यूसंगको भेटका लागि खुशी व्यक्त गर्नुहुदैं नेपालीहरुको ईमान्दारिता, मिहनतीपन र सुसम्बन्ध कायम गर्ने स्वभावको प्रशंशा गर्नुभयो। सोही अवसरमा महामहिमज्यूले यू.ए.ई. भ्रमणका लागि मा.मन्त्रीज्यूलाई निमन्त्रणा गर्नु हुँदै नेपाल र यू.ए.ई. बीच हुनसक्ने पारस्पारिक लगानी, सहयोग र आर्थिक सम्बन्धका विषयमा समकक्षीबीच छलफल गर्दा उपयुक्त हुने विचार व्यक्त गर्नुभयो।

अर्थ मन्त्रालय,
सिंहदरवार।